# समग्र जन उत्थान केन्द्र लहान, सिरहा

## कर्मचारी (सामुदायिक शिक्षक) को आवश्यक्ता

**प्रकाशित मिति: २०८०/०३/२४ गते**

समग्र जन–उत्थान केन्द्र मानवअधिकारको संरक्षण, संबर्द्धन र प्रबर्द्धन एवं द्वन्द्व न्यूनिकरण, शान्ति निर्माण र समाजमा बिधमान हानिकारक सामाजिक अभ्यास तथा मूल्यमान्यता रुपान्तरणका लागि बिगत दुई दशकदेखि बिभिन्न साझेदार संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था, सरकारी निकाय, स्थानीय तहसंग समन्वय र सहकार्य गरि समुदायका बिभिन्न लक्षित समुदाय (दलित, महिला, बालबालिका, जेष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक, द्वन्द्व पीडित, किशोरी, युवा, अपांगता भएका ब्यक्ति र सिमान्तकृत समुदाय) का सवालमा निरन्तर रुपमा कार्य गर्दै आएको छ। यसै क्रममा यस संस्थाले केयर नेपालसंगको साझेदारीमा सिरहा जिल्लाको धनगढीमाई नगरपालिका, भगवानपुर गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिका र नरहा गाउँपालिकामा System strengthening for scaling SOAR program र BEZOS project अन्तर्गत **'बालिका सशक्तिकरण कार्यक्रम'** का लागि सामुदायिक शिक्षक (Community Teacher) पदमा योग्य र अनुभवी महिला उम्मेदवारहरु आवश्यक भएकोले इच्छुक स्थानीय महिला उम्मेदवारहरुले बायोडाटा, नागरिकता र शैक्षिक (ट्रान्सक्रिप्ट) प्रमाणपत्रको प्रतिलिपी सहित २०८० असार २७ गते कार्यालय समयभित्र आवेदन दिनहुन आह्वान गरिन्छ। आवेदन इमेलमार्फत vacancy.samagra@gmail.com मा पठाउन सकिने छ। वा कार्यालयमा उपस्थित भई दिन सकिने छ।

**कर्मचारी (सामुदायिक शिक्षक) कार्य विवरण**

| पद | सामुदायिक शिक्षक (Community Teacher) |
|---|---|
| आवश्यक संख्या | ९ जना |
| योग्यता : | बी.एड. वा सो सरह (स्नातक तह) उत्तीर्ण वा १०+२ उत्तीर्ण गरि कम्तिमा दुई वर्षको सम्बन्धित बिषयमा कार्य अनुभव भएको। |
| उमेर हद: | ४० वर्ष ननाघेको। |
| सेवा सुबिधा : | संस्थाको नियमानुसार। |
| आवेदन दिने अन्तिम मिति : | २०८०/०३/२७ गते बुधवार साँझ ५:०० बजेसम्म। |
| परीक्षाको किसिम : | लिखित र अन्तरर्वार्ता। (छोटो सूचि (Short List) मा छनौट भएका उम्मेवारहरुलाई मात्र लिखित र अन्तरर्वार्तामा सामेल गराईने छ। |
| परियोजना : | BEZOS and SOAR |
| कार्य उद्देश्य (Job Purpose) : | समग्र जन उत्थान केन्द्र लहान, सिरहा र केयर नेपालको संयुक्त साझेदारीमा संचालित BEZOS र SOAR परियोजना अन्तर्गतका सम्पूर्ण कार्यहरु कार्यक्रम संयोजक तथा कार्यक्रम सुपरभाइजरको निर्देशनमा सम्पादन गर्नेछ। साथै सामुदायिक शिक्षकले कार्यक्रमको प्रगति तथा कार्यहरुबारे नियमित रुपमा कार्यक्रम प्रभावकारिताको लागि फिल्ड सुपरभाइजरलाई पृष्ठपोषण दिनुपर्नेछ। |
| प्राथमिकता | स्थानीय, दलित, सिमान्तकृत तथा सामाजिक समावेशीकरणभित्र पर्ने बर्ग समुदाय र कामको अनुभव भएकालाई बिशेष ग्राहयता दिईने छ। |

**मुख्य भूमिका तथा जिम्मेवारी (Main Duties/ Responsibilities) :**

| कार्यक्रम क्षेत्र | कार्य जिम्मेवारी |
|---|---|
| शिक्षा | ● कार्यक्षेत्र भित्रका १० देखि १४ बर्षसम्मका विद्यालय छोडेका वा कहिल्यै विद्यालय नगएका किशोरीहरुको तथ्यांक संकलन गर्ने।<br>● उडान सेन्टरको स्थान तथा मातृ विद्यालय छनौटका लागि सहजीकरण गर्ने।<br>● उडान सेन्टरको अभिभावक सहयोग समिति गठनमा सहजीकरण गर्ने।<br>● उडान सेन्टरको दिवा लागि खाजा तथा अन्य व्यवस्थापनको कार्य गर्ने।<br>● उडान सेन्टरका बालिकाहरुको उपस्थिति रुजु गरी फ्लोअपका लागि घरदैलो गर्ने।<br>● मासिक रुपमा अभिभावक सहयोग समितिको बैठक र बालिका सभा संचालन गर्ने।<br>● Accelerated Learning Program (ALP) सत्र संचालनमा उडान सेन्टरहरुमा किशोरीहरुको नियमित उपस्थिति सुनिश्चित गरी अनुपस्थित किशोरीहरुको घरदैलो भ्रमण गर्ने।<br>● किशोरी समुहमा मासिक रुपमा अतिरिक्त क्रियाकलापहरु गराउने।<br>● मासिक रुपमा अभिभावक समुहको बैठक तथा सत्र संचालन गराउने।<br>● समुदायमा किशोरीहरुको नक्साङकन गरी किशोरी/अभिभावक समुह गठन/पुर्नगठनमा सहजीकरण गर्ने।<br>● फिल्ड स्तरीय अन्य कार्यक्रम तथा गतिविधिहरु संचालन गर्ने।<br>● परियोजनाको योजना अनुसार बैठक, कार्यशाला, गोष्ठी, तालिम, सेमिनार, अभियान संचालन गर्ने। |
| परिचालन, अनुगमन तथा मूल्याङ्कन | ● नियमित रुपमा उडान कक्षा संचालन गर्ने र किशोरीहरुको प्रगति, सिकाईस्तरलाई निरन्तर निरीक्षण तथा मूल्यांकन गर्ने।<br>● स्थानीय रुपमा विद्यमान स्रोत साधनको अधिकतम रुपमा परिचालन गरी प्रभावकारि कार्य गर्ने।<br>● विस्तृत कार्ययोजना प्रदान गर्दै कार्यक्रम सामाग्री तथा सुविधाहरुको नजिकबाट निगरानी गर्ने।<br>● फिल्डमा सञ्चालन गरिएका परियोजना गतिविधिहरुको नियमित प्रतिक्रिया तथा पृष्ठपोषण तयार गर्ने, सिकाई रेकर्ड गर्ने, चुनौती तथा समस्याका समाधानहरु रेकर्ड गरी रिपोर्टिङ्ग प्रणालीको आवश्यक घटकहरु फिल्ड सुपरभाइजर समक्ष पेश गर्ने।<br>● तथ्याङक संकलन र रुजु गरी कार्यक्रमको अनलाईन व्यवस्थापन सूचना प्रणालीमा तथ्याङक प्रविष्ट तथा अध्यावधिक गर्ने । |
| रिपोर्टिङ्ग तथा दस्तावेजीकरण | ● फिल्ड सुपरभाइजरलाई गतिविधिहरुको मासिक, त्रैमासिक, अर्द्धवार्षिक, वार्षिक एवम् आवश्यकता अनुसारको रिपोर्टहरु उपलब्ध गराउने तथा रिपोर्ट तयारीमा सहयोग गर्ने।<br>● विशिष्ट सिकाई परिणामहरुका ट्र्याकिङ्ग, मूल्यांकन र रिपोर्टिङ्ग तथा दस्तावेजीकरणको साथै जीवन परिवर्तन प्रमाणहरुलाई सुनिश्चित गर्ने।<br>● कार्यक्रम कार्यान्वय सम्बन्धी कागजातहरु जस्तै : माइन्यूट, डाटाबेस परिणाम फाराम, घटना अध्ययन, सफलताको कथा लगायत लक्षित वर्गको जीवन परिवर्तन सम्बन्धी प्रमाणहरु तयार गर्ने र रिपोर्टिङ्ग गर्ने। |
| समन्वय तथा सहकार्य | ● सहज रुपमा परियोजना कार्यान्वियन तथा प्रभावकारिताका लागि स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायहरुसंग नियमित र निरन्तर रुपमा समन्वय तथा सहकार्य गर्ने।<br>● स्थानीय स्तरमा अभियानहरु (व्यक्तिगत घटना दर्ता, विद्यालय भर्ना अभियान, बालविवाह विरुद्धको अभियान) संचालन गर्न स्थानीय सरकारसंग समन्वय गर्ने।<br>● विभिन्न सरोकारवाला, स्थानीय साझेदारहरु (गाउँ/नगर पालिका, वडा कार्यालय, शिक्षा समिति, बाल संरक्षण समिति, विद्यालय, आदि) हरुसंग बैठक आयोजना गर्ने। |
| अन्य | ● संस्थागत नीति, दिशा निर्देश, विनियम तथा नियमावलीलाई अनिवार्य रुपमा पालना गर्ने।<br>● बाल संरक्षण नीति, लैङ्गिक नीति, जालसाजी जस्ता नीतिलाई शुन्य सहनशीलता अन्तर्गत अनिवार्य रुपमा पालना गर्नुपर्ने।<br>● संस्थातथा परियोजनालाई आवश्यक पर्ने अन्य तोकिएको कार्य तथा जिम्मेवारीहरु पुरा गर्ने। |

**समग्र जन उत्थान केन्द्र**
लहान न.पा.-६, राधाकृष्ण चौक (नयाँ बजार), सिरहा
फोन नं. ०३३-५६३०१२